**सभाध्यक्ष महोदय,**

अव म आर्थिक वर्ष ०७६/०७७ को मिति २०७६/०३/१० मा प्रस्तुत गरिएको अनुमानित आय, व्यय र श्रोत व्यवस्थापनको संसोधीत अनुमानित आय, व्यय र श्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्न चाहन्छु ।

१. प्रस्तुत वजेटको ठुलो हिस्सा वित्तीय हस्तान्तरण अन्तर्गत नेपाल सरकारबाट प्राप्त वित्तीय समानिकरण अनुदान १३ करोड ४३ लाख, गण्डकी प्रदेश सरकार वित्तीय समानिकरण अनुदान १ करोड २५ लाख ३३ हजार, नेपाल सरकारवाट प्राप्त हुने राजश्व बाँडफाँड वापत ९ करोड ३२ लाख, प्रदेश सरकारवाट प्राप्त हुने सवारी कर वापतको ८२ लाख १८ हजार, संघीय सरकारवाट हस्तान्तरित सशर्त कार्यक्रम तर्फ ३३ करोड २८ लाख, गण्डकी प्रदेश सरकारवाट हस्तान्तरित सशर्त कार्यक्रम तर्फ १ करोड, आन्तरिक श्रोत ३ करोड ३० लाख, सामाजिक सुरक्षा भत्ता वितरणका लागि १६ करोड र अन्य विविध आय ३ करोड २५ लाख गरि कुल जम्मा ८१ करोड ६५ लाख ५१ हजार आय अनुमान गरिएको छ ।

२. ब्यय तर्फ संघीय सरकारवाट हस्तान्तरित सशर्त कार्यक्रम तर्फ ३३ करोड २८ लाख, गण्डकी प्रदेश सरकारवाट हस्तान्तरित सशर्त कार्यक्रम तर्फको १ करोड र सामाजिक सुरक्षा भत्ता वितरणका लागि १६ करोड तोकिए वमोजिम नै खर्च हुने ब्यवस्था मिलाइएको छ भने वाँकी रकम ३१ करोड ३७ लाख ५१ हजार मध्ये चालु खर्च तर्फ ११ करोड ५० लाख विनियोजन गरेकी छु । नगरका पदाधिकारीहरुको पारिश्रमिक वापत १ करोड ४० लाख र पत्रकारिता क्षेत्रको प्रवर्द्धनका लागि सुचना प्रकाशन तथा पत्रकारिता शिर्षकमा ८ लाख समेत यही चालु खर्चमा समावेश गरेकी छु । वाँकी रहेको १९ करोड ८७ लाख ५१ हजार मध्ये पुर्वाधार विकास तर्फ १० करोड ९६ लाख ५१ हजार, सामाजिक विकास तर्फ २ करोड २० लाख, आर्थिक विकास तर्फ १ करोड ४६ लाख, वन, वातावरण तथा विपद ब्यवस्थापन तर्फ ५० लाख, भैपरी आउने पूँजीगत खर्चका लागि १ करोड र सुशासन संस्थागत विकास, तथा सेवा प्रवाह तर्फ २ करोड विनियोजन गरेकी छु ।त्यस्तै म्याचिङ्ग फण्ड आवश्यक पर्ने आयोजनाहरुको सञ्चालनका लागि १ करोड ७५ लाख व्यवस्था गरेकी छु ।

धन्यवाद !

सिता कुमारी काफ्ले लामिछाने
उप-प्रमुख